निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०८०।०८।१५

# प्रेस विज्ञप्ति

## राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यतालिका सम्बन्धमा ।

मिति २०८०/१०/११ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन हुने गरी नेपाल सरकारबाट मिति २०८०/१०/१३ मा निर्वाचनको मिति घोषणा भए पश्चात निर्वाचन सम्पन्न गर्ने प्रयोजनका लागि आयोग तयारीमा लागेको छ। यसै क्रममा आयोगबाट २०८०/१०/१४ मा निर्वाचन कार्यतालिका स्वीकृत भएको छ। स्वीकृत कार्यतालिका अनुसार यही मंसिर २२ गते निर्वाचनमा भाग लिने राजनीतिक दल दर्ताका लागि सूचना प्रकाशन भै मंसिर २४ गतेदेखि ऐ. २९ गतेसम्म राजनीतिक दल दर्ता हुने कार्यक्रम रहेको छ। राजनीतिक दल दर्ता भए पश्चात पुष १ गते राजनीतिक दललाई निर्वाचन चिन्ह प्रदान गरी पुष ४ गते स्वीकृत दलको नामावली नेपाल राजपत्रमा प्रकाशनार्थ पठाइनेछ ।

स्वीकृत कार्यतालिका अनुसार २०८०/०९/१६ गते निर्वाचन अधिकृतको नियुक्ति र सोही दिन सात वटै प्रदेश निर्वाचन कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम रहेको छ । मिति २०८०/०९/२० गतेदेखि ऐ. २९ गतेसम्म निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ। मिति २०८०/१०/११ गते विहान ९:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म मतदानको कार्य सञ्चालन हुनेछ ।

२०८०।०८।१५

शालिग्राम शर्मा पौडेल

सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np